**IME General Insurance Limited**
Narayan Chaur, Naxal, Kathmandu
+977 1 4511510, Toll Free No.: 16600179353
4511736 (Fax)
info@iginepal.com
www.iginepal.com

च.नं. ०३६-२०७९/०८०

मिति: २०७९/१०/२२

श्रीमान् महाप्रबन्धकज्यू,
नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा,
सिंहदरबार, काठमाडौं ।

**विषय: बार्षिक साधारण सभाको निर्णय माइन्युट पठाइएको सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७९ साल माघ ९ गते आर्थिक बर्ष २०७८/०७९ को २५औं बार्षिक साधारण सभा सफलता पूर्वक सम्पन्न भएको व्यहोरा जानकारी गराउँदछु। उक्त साधारण सभाको निर्णय माइन्युट तहाँको जानकारीको लागि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

सधन्यवाद ।

भवदीय,

आइएमई जनरल इन्स्योरेन्स लि. काठमाडौं

उमा जोशी
कम्पनी सचिव
तथा
प्रमुख, कानुन विभाग

**संलग्न: बार्षिक साधारण सभाको निर्णय माइन्युट - थान १**

# आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको
# २५औं बार्षिक साधारण सभा निर्णय पुस्तिका

आइएमई जनरल इन्स्योरेन्स लिमिटेड
नारायणचौर, नक्साल, काठमाडौं

# विषयसूची


| विषय | पाना न. |
|---|---|
| १. वैधानिक सभा | १ |
| २. २५औं वार्षिक साधारण सभाको मिति, समय र स्थान | १ |
| ३. सभाको सूचना | १ |
| ४. सभामा प्रस्तुत भएका छलफलका विषयहरू | २ |
| क) सामान्य प्रस्तावहरू | |
| ख) विशेष प्रस्तावहरू | |
| ५. साधारण सभा सम्वन्धि कार्यक्रम | ३ |
| क) सभामा उपस्थिति | |
| ख) कम्पनीको व्यवस्थापन तर्फबाट उपस्थिति | |
| ग) शेयरधनीहरू | |
| ६. सभाका गणपुरक सँख्या | ३ |
| ७. सभाको वैधानिकता | ३ |
| ८. सभाको कारवाहि तथा सभाअध्यक्षता सम्बन्धमा | ४ |
| ९. अध्यक्षबाट शेयरधनीहरूलाई सम्वोधन सहित वार्षिक प्रतिवेदन प्रस्तुत | ४ |
| १०. बार्षिक प्रतिवेदन उपर शेयरधनी महानुभावबाट जिज्ञासा, राय एवं सुझाव | ४-९ |
| ११. शेयरधनी सदस्यबाट प्राप्त सुझाव एवं जिज्ञासाको अध्यक्षबाट सम्वोधन | ९ |
| १२. प्रस्ताव उपर सभाको निर्णय | ९ -११ |
| क) सामान्य प्रस्तावहरू | |
| ख) विशेष प्रस्तावहरू | |
| ग) विविध | |


आइएमई जनरल इन्स्योरेन्स लि. काठमाडौं

## बीमा ऐन, २०७९ को परिच्छेद ४ बमोजिम इजाजत प्राप्त
## आइएमई जनरल इन्स्योरेन्स लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंको

## मिति २०७९/१०/९ गते सोमवार तदनुसार २३ जनवरी, २०२३ का दिन सम्पन्न
## २५औं वार्षिक साधारणसभाको निर्णय पुस्तिका

१) **वैधानिक सभा :**

श्री आइएमई जनरल इन्स्योरेन्स लिमिटेड, नारायणचौर, नक्शाल, काठमाडौंको मिति २०७९/०९/१७ गते बसेको सञ्चालक समितिको १२९औं बैठकको निर्णयानुसार मिति २०७९ साल माघ ९ गते सोमबारका दिन होटल लि हिमालय, लाजिम्पाट, काठमाडौंमा कम्पनीको २५औं वार्षिक साधारण सभा सम्पन्न भयो । कम्पनी ऐन, २०६३ र यस कम्पनीको नियमावलीको नियम ९ बमोजिम संचालित वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूको सभाअध्यक्षतामा भएको थियो र सभामा देहाय बमोजिमका प्रस्तावहरू उपर देहाय बमोजिमको छलफल तथा निर्णय गरी सुसम्पन्न भयो ।

२) **२५औं वार्षिक साधारण सभाको मिति, समय र स्थान :**

मिति: २०७९ साल माघ ९ गते सोमवार (तद्नुसार २३ जनवरी, २०२३)
समय: बिहान ११:०० बजे
स्थान: होटल लि हिमालय, लाजिम्पाट, काठमाडौं ।

३) **सभाको सूचना :**

क) कम्पनीको मिति २०७९ साल पौष १७ गते बसेको सञ्चालक समितिको १२९औं बैठकको निर्णयानुसार २५औं वार्षिक साधारण सभा मिति २०७९ साल माघ ९ गते सोमबारका दिन बस्ने सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ९ को उपनियम (ख) (४) को प्रावधान अनुसार सभाको छलफलका विषय सहित संलग्न गरी विवरण खुलाई मिति २०७९/१०/१८ गतेको अभियान राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०७९/१०/०२ गतेको कारोबार राष्ट्रिय दैनिकमा दोश्रो पटक साधारण सभा बस्ने बारेको सूचना प्रकाशित गरिएको थियो । साथै कम्पनीको आफ्नो ध्भदकष्तभ समेतमा वार्षिक साधारण सभा सम्बन्धी सूचना राखिएको थियो ।

ख) श्री नेपाल बीमा प्राधिकरण, श्री कम्पनी रजिष्ट्रार कार्यालय, श्री धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज, श्री सिडिएस तथा क्लियरीङ लि., श्री ग्लोबल आइएमई क्यापिटल लि. समेतलाई साधारण सभाको जानकारी गराईएको र सभामा परिवेक्षणका लागि पत्र मार्फत आमन्त्रण गरिएको थियो ।

ग) साधारण सभामा लागि कम्पनीको आर्थिक बर्ष २०७८/०७९ का लागि नियुक्त लेखापरिक्षक श्री अमन उप्रेतीज्यू, चार्टड एकाउण्टेण्ट, एसएआर एसोसियट र कम्पनीका कानुनी सल्लाहकार श्री लिलामणी पौडेलज्यूलाई पनि पत्र मार्फत सभामा आमन्त्रित गरिएको थियो ।

४) सभामा प्रस्तुत भएका छलफलका विषयहरू :

क. सामान्य प्रस्तावहरू :

१. सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा पेश हुने कम्पनीको आ.ब. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आ.ब. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. आ.ब.२०७९/०८० को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. संचालक समितिबाट प्रस्ताव भए बमोजिम रकम रू. ५३,७३,६३६.०६।-(अक्षरेपी त्रिपन्न लाख त्रिहत्तर हजार छ सय छत्तिस र पैसा छ मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ) स्वीकृत गर्ने ।

ख. विशेष प्रस्तावहरु :

१. संचालक समितिबाट प्रस्ताव भई नेपाल बीमा प्राधिकरणबाट स्वीकृती प्राप्त भए बमोजिम कम्पनीको हालको चुक्ता पूँजी रू. १,७०,१६,५१,४२०।-(अक्षरेपी एक अरब सत्तरी करोड सोह्र लाख एकाउन्न हजार चार सय बीस रूपैया मात्र) को ६ (छ) प्रतिशतका दरले बोनस शेयर जारी गर्ने ।

२. बोनस शेयर पश्चात कायम हुने कम्पनीको चुक्ता पूँजी बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने बारे ।

३. नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम बीमा ऐन, २०७९ अनुसार कम्पनीको प्रबन्धपत्र र नियमावलीमा समय सापेक्ष रूपमा संशोधन गर्ने ।

४. संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरबदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरबदल गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. विविध ।

क) कम्पनीको संचालक नियुक्तीको अनुमोदन गर्ने सम्वन्धमा ।

ख) कम्पनीको संचालक समितिका अध्यक्ष तथा संचालकको भत्ता पुनरावलोकन गर्ने सम्बन्धमा ।

५) साधारण सभा सम्बन्धी कार्यक्रम :

सभामा उपस्थिति :

क) संचालक समिति

| | |
|---|---|
| हेम राज ढकाल | अध्यक्ष |
| अम्बिका प्रसाद पौडेल | संचालक |
| उमेश रघुवंशी | संचालक |
| राजेन्द्र सिंह भण्डारी | संचालक |
| सिताराम थापा | संचालक |
| कृष्ण प्रसाद शर्मा | संचालक |

ख) कम्पनी सचिव

| | |
|---|---|
| उमा जोशी | कम्पनी सचिव तथा प्रमुख, कानुन विभाग |

ग) कम्पनीको व्यवस्थापन तर्फबाट उपस्थिति :

| | |
|---|---|
| युगेशभक्त वादे श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| शरण रेग्मी | नायव प्रमुख कार्यकारी अधिकृत |
| प्रबल ढकाल | लेखा तथा वित्त विभाग प्रमुख |

घ) अन्य

लेखापरिक्षक श्री अमन उप्रेती, चार्टड एकाउण्टेण्ट, एसएआर एसोसियट

ङ) शेयरधनीहरू :

| | |
|---|---|
| जम्मा उपस्थित शेयरधनी संख्या | २५७ जना |
| स्वयम् उपस्थित शेयरधनी संख्या | २४६ जना |
| प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या | ११ जना |

६) सभाको गणपुरक सँख्या :

| | |
|---|---|
| १) कुल शेयर संख्या (सँख्यामा) | १,७०,१४,५१४.२० |
| २) जम्मा उपस्थिति शेयर संख्या (सँख्यामा) | १,०३,९४,६११.२२ |
| ३) जम्मा उपस्थित शेयरधनी सँख्या | २५७ |
| स्वयम् उपस्थित शेयरधनी संख्या | २४६ |
| प्रतिनिधि (प्रोक्सी मार्फत) उपस्थित शेयरधनी सँख्या | ११ |
| ४) जम्मा शेयरको प्रतिनिधित्व (सँख्यामा) | १,०३,९४,६११.२२ |
| ५) जम्मा शेयरको प्रतिनिधित्व (प्रतिशतमा) | ६१.०८ |
| शेयरधनीहरू स्वयं | २४६ |
| प्रतिनिधि (प्रोक्सी मार्फत) | ११ |

७) सभाको बैधानिकता :

कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावलीको नियम ९ उपनियम (ख) बमोजिम सभा बोलाईएको र सभाको लागि आवश्यक गणपुरक संख्याको हकमा कम्पनी ऐनको दफा ७३(२) तथा कम्पनीको नियमावलीको नियम ९ को उपनियम (छ)(२) बमोजिम शेयर संख्याको ५० प्रतिशत उपस्थिति हुनु पर्नेमा कुल शेयर संख्याको ६१.०८ प्रतिशतको उपस्थिति

भएको र सभा वैधानिक भएको जानकारी कम्पनी सचिवले अवगत गराए पश्चात सभाको कार्यक्रम बिहान ११:०० बजेबाट शुरू भयो ।

८) **सभाको कारवाहि तथा सभाअध्यक्षता :**

कम्पनी सचिवद्वारा सम्पूर्ण सहभागीहरूलाई स्वागत सहित सभामा सहभागी सञ्चालक, आमन्त्रित अतिथि लगायत सम्पूर्णलाई आशन ग्रहण गराई सभाको कार्यक्रम शुरू भएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र यस कम्पनीको नियमावलीको नियम ९ उपनियम छ (५) बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्षले साधारण सभाको सभाअध्यक्षता गर्ने व्यवस्था रहेकोले कम्पनी सचिवले कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूबाट सभाको सभाअध्यक्षता गराई वार्षिक साधारण सभालाई औपचारिकता प्रदान गरिएको थियो ।

सभाका सभाअध्यक्ष तथा कम्पनीको संचालक समितिका अध्यक्षद्वारा पानसमा बत्ती बालेर सभालाई औपचारीकता प्रदान गरिएको थियो ।

सम्पूर्ण सहभागीहरूबाट राष्ट्रिय गानमा सहभागी भै सभालाई विधिवत रूपमा शुरू गरिएको थियो।

९) **अध्यक्षबाट शेयरधनीहरूलाई सम्बोधन सहित बार्षिक प्रतिवेदन प्रस्तुत :**

कम्पनीका अध्यक्ष तथा सभाका सभाध्यक्ष श्री हेम राज ढकालज्यूले कम्पनीको तर्फबाट शेयरधनी सदस्यहरूलाई सम्बोधन सहित कम्पनीको आ.ब. २०७८/०७९ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

स्वागत मन्तव्य तथा बार्षिक प्रतिवेदन प्रस्तुतीको क्रममा उहाँले कम्पनी सूचारु रूपले संचालनको लागि सहयोग पुऱ्याउनु हुने नेपाल बीमा प्राधिकरण, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत नियमनकारी निकायहरू, विभिन्न संघ संस्थाहरू, बैंक तथा वित्त कम्पनीहरू, बीमा तथा पुनर्बीमा कम्पनीहरू, कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोवल आईएमई क्यापिटल लिमिटेड लगायत साथै कम्पनीलाई विश्वास गरी निरन्तर सेवाको अवसर प्रदान गर्नुहुने सम्पूर्ण ग्राहक महानुभावहरू साथै कम्पनीमा कार्यरत निष्ठावान सबै कर्मचारीहरूलाई पनि धन्यवाद तथा आभार प्रकट गर्नु भयो ।

१०) **वार्षिक प्रतिवेदन उपर शेयरधनी महानुभावबाट जिज्ञासा, राय एवं सुझाव प्रस्तुत :**

अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुति पछि उपस्थित शेयरधनीहरूबाट सभामा पेश भएको वार्षिक प्रतिवेदन तथा छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरू माथि सभामा शेयरधनी सदस्यहरूबाट प्रतिक्रिया, जिज्ञासा, राय तथा सुझाव पेश भयो ।

समग्रमा शेयरधनी सदस्यहरूले कम्पनीको काम कारवाही, बार्षिक प्रतिवेदनमा रहेको वित्तिय विवरण र यस आर्थिक बर्षमा कम्पनीले गरेको प्रगतिको उच्चप्रशंसा गर्नु भएको थियो । कम्पनीले प्रदान गरेको ६ प्रतिशत लाभांशको पनि स्वागत गर्दै सकारात्मक टिप्पणी गरिएको थियो । कम्पनीले निरन्तर व्यवसाय बृद्धिमा सफलता हासिल गरेकोमा सम्पूर्ण संचालक लगायत, व्यवस्थापन र कर्मचारीहरूको काम कारवाहीको सराहना गर्नुभयो ।

अधिकांश शेयरधनीहरूले कम्पनीको निर्माणाधीन भवनको बारेमा खुशि व्यक्त गर्नु भयो भने उक्त भवन निर्माण कार्य यथासम्भव छिटो सम्पन्न गर्ने लक्ष्यका साथ अगाडि बढन समेत सुझाव दिनु भयो ।

नेपाल बीमा प्राधिकरणले तोकेको चुक्तापूँजीको बारेमा कम्पनीलाई थप योजना सहित अगाडि बढन उपयुक्त हुने सुझाव शेयरधनीहरूबाट सभामा प्रस्तुत भएको थियो । शेयरधनी सदस्यहरूबाट आफ्नो विचार व्यक्त गर्ने क्रममा कम्पनीले कुनैपनि हालतमा आफ्नो अस्थित्व र पहिचानलाई दिगो राख्नु पर्दछ भन्ने विचार व्यक्त गर्नु भयो र आगामी दिनमा पूँजी बृद्धिका लागि बीमाशुल्क बृद्धि गरी नाफा बढाएर बोनस शेयर दिने साथै हकप्रद शेयर सम्बन्धी निर्णय गर्ने योजना साथ अगाडि बढन उपयुक्त हुने सुझाव प्रस्तुत गर्नु भयो ।

साथै शेयरधनीहरूबाट आगामी वर्षमा कम्तिमा पनि २ अंकमा मुनाफा वितरण गर्ने गरी कार्य गर्न गराउन सुझाव दिनुभयो । वार्षिक प्रतिवेदनलाई औल्याउदै खर्चमा मितव्ययिता अपनाउनु पर्ने प्रतिक्रिया समेत प्राप्त भएको थियो । कम्पनीले अनुभवी मानवश्रोतलाई स्थिर राख्न सक्नु पर्छ अनुभवी मानवश्रोतको स्थायित्व तथा क्षमता विकासका लागि योजनावद्ध भई अघि बढ्नु पर्ने सुझावहरू प्राप्त भएको थिए । त्यस्तै गरि कम्पनीले आफ्नो शाखा कार्यालयहरूको उचित व्यवस्थापन र अनुगमनमा ध्यान पुऱ्याउन सकेमा शाखा कार्यालयबाट अझै बढी व्यवसाय आर्जन सम्भव हुने भएकोले प्रभावकारी अनुगमन प्रणाली बनाई कार्यालयहरूलाई व्यवस्थित गर्नुपर्ने सुझाव दिनुभयो ।

सभामा शेयरधनीहरुले कम्पनीको व्यवसायमा भएको विस्तारसंगै जोखिम धारण क्षमतामा समेत बृद्धिका लागि कम्पनीले चुक्तापूँजी र नेटवर्थमा वृद्धि गर्न आवश्यक हुने हुनाले उपयुक्त योजना सहित अगाडी बढन सुभाव प्रदान दिनुभयो । छलफलमा ८ जना शेयरधनीहरूले आफ्ना जिज्ञासा तथा सुझाव राख्नु भयो । शेयरधनी सदस्यबाट व्यक्त भएका सुझावकहरूको बिस्तृत अंश निम्नानुसार रहेको छ ।

<u>शेयरधनी सदस्यबाट व्यक्त भएका धारणा तथा सुझावहरू :</u>

१. श्री गुणराज भट्ट

- हामी कम्पनीको २५औं वार्षिक सभा मनाइरहेका छौ, भन्दै खुशि व्यक्त गर्नुभयो साथै विगतलाई हेरेर भन्नु पर्दा कम्पनीले राम्रो सफलता प्राप्त गरेको भनी प्रसंशा गर्नुभयो ।
- नेपाल बीमा प्राधिकरणले कसरी बीमा व्यवसाय नियमित गर्ने र व्यवसाय बृद्धि कसरी गर्ने भन्ने सम्बन्धमा योजनातय गर्ने तर्फ ध्यान दिनुपर्नेमा केवल नियमनकारी निकायले बीमा कम्पनीको संख्या घटाउने र बढाउनेमा मात्र आफ्नो ध्यान केन्द्रित गर्नु दुखद रहेको धारणा व्यक्त गर्नुभयो ।
- बीमाको क्षेत्रमा निर्जिवन बीमा अत्यन्त महत्वपूर्ण रहेको छ । दैनिक जसो व्यवहारमा प्रयोग हुने यातायातका साधन होस वा व्यक्तिगत भवन होस् । यस्ता दैनिक जीवनका अत्यावश्यक बस्तुहरुको सम्भावित जोखिमबाट उत्पन्न हुन सक्ने आर्थिक संकटमा राहत उपलब्ध गराउनमा निर्जिवन बीमाको ठूलो महत्व छ भन्दै आंफ्नो धारणा व्यक्तगर्नुभयो ।
- बीमाको चेतनामा अझै पनि अभाव छ । नेपालमा निर्जिवन बीमा व्यवसायमा चेतनाको अभावले बीमा सेवाको बृद्धि चुनौतिको विषय हुँदा हुदै पनि कम्पनीले गरेको आर्जन र उक्त आर्जनबाट ६ प्रतिशत बोनस शेयर प्रदान गरेको विषयमा धन्यवाद सहित खुशी व्यक्त गर्नुभयो ।

- कम्पनी मर्जरमा जानु भन्दा बोनस शेयर तथा हकप्रद शेयरको माध्यमबाट पूँजी बृद्धि गर्न उपयुक्त हुने सुझाव राख्नु भयो र हकप्रद शेयरमा जोडदिन संचालक समिति समक्ष विशेष अनुरोध गर्नुभयो ।
- कम्पनीका खम्बा भनेका कर्मचारी हुन कर्मचारीहरुको वृत्ति विकासमा कम्पनीले विशेष महत्व दिनु पर्दछ । तसर्थ कर्मचारीलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम दिएर उनीहरुको क्षमता विकास गरी लामो समयसम्म कम्पनीमा रहिरहने बातावरण कम्पनीले निर्माण गर्नु पर्दछ भन्ने सुझाव व्यक्त गर्नुभयो ।
- अन्तमा कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्नु भयो ।

२. सुदिप श्रेष्ठ
- लगभग धरासाई भएको कम्पनीलाई नयाँ समूहले लिए पश्चात यसको साख जोगाउनका लागि योगदान गर्नु भएको छ भदैं त्यसको लागि कुशल संचालक समिति, व्यवस्थापन र कर्मचारी बर्गलाई धन्यवाद र आभार प्रकट गर्नुभयो ।
- कम्पनीले प्रतिवेदनमा सम्पूर्ण तथ्यांकहरू स्पष्ट हुने गरी प्रस्तुत गरेको र ६ प्रतिशत लाभांश कम भएतापनि हालको अवस्थामा शेयरधनीहरुले समय सापेक्ष रुपमा चित्त बुझाउनुनै पर्छ भनि आफ्नो विचार व्यक्त गर्नुभयो ।
- कम्पनीको यस रजत बार्षिक साधारण सभा सम्ममा आफ्नै भवन निर्माण कार्यको थालनी गर्न सफल हुन सकेकोमा खुशी व्यक्त गर्नुभयो साथै निर्माणाधीन अत्याधुनिक व्यवसायीक भवनले शेयरधनीहरुको आशा र विश्वास बढनेमा आफू विश्वस्त रहेको विचार व्यक्त गर्नुभयो ।

३. उद्धव प्रसाद घिमिरे
- कम्पनीलाई यस अवस्थामा ल्याउन यहाँहरूले राम्रो मिहनत गर्नु भएको छ । २०७४ सालमा कम्पनीको नाम परिवर्तन पश्चात कम्पनीले बीमा बजारमा राम्रो सफलता प्राप्त गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- हाल हामी सबैलाई चिन्ता लागेको विषय भनेको हाम्रो नियमनकारी निकायले चुक्ता पूँजीको सीमा बढाएर चैत्र मसान्त सम्मको सम्पन्न गनुपर्ने छोटो अवधि निर्धारण गरेको छ, जुन व्यवहारीक देखिदैन । चुक्ता पूँजीको सीमा बढाएर छोटो समयमा सम्पन्न निर्धारण गर्नु स्वाभाबिक नभएको धारणा राख्नुभयो ।
- नयाँ ऐन लागू भए पश्चात सो ऐन बमोजिम नयाँ नियमावली निर्माण गरी बीमाक्षेत्रलाई व्यवस्थित र सुधार गर्नुपर्ने तर्फ नियमनकारी निकाय केन्द्रित हुनु पर्छ भन्नु भयो ।
- समय समयमा पूँजीको सीमा निर्धारण गरेर बीमा कम्पनीहरुलाई अनावश्यक तनाव थप्ने कार्य भएको छ नियमनकारी निकायको यस्तो निर्देशन व्यवहारी देखिदैन् साथै जसले गर्दा कम्पनीको क्रमिक सुधार र विकासमा बाधा तथा अवरोधको बातावरण देखिएको भनि आफ्नो धारणा राख्नुभयो ।
- नियमनकारी निकायले पूँजी बृद्धिको लागि व्यवहारीक समय दिनु पर्छ । नेपाल बीमा प्राधिकरणले आवश्यक समय दिएमा व्यवहारीक हुन्छ । कम्पनीले कुनै कम्पनीसंग मर्जर नगरी आफै तोकिएको पूँजी पुऱ्याउन सक्दछ अतः त्यस तर्फ प्रयासरत रहोस् भनी अनुरोध गर्नुभयो ।
- कम्पनीले यस अवधिमा प्राप्त गरेको आम्दानी राम्रो छ भन्दै प्रसंसा गर्नु भयो ।
- शेयरधनीको तर्फबाट कम्पनीलाई हकप्रद शेयर प्रदान गर्ने अनुमती प्रदान गर्न अनुरोध गरेको विषय नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणलाई जानकारी गराउनको लागि संचालक समितिलाई बिशेष आग्रह गर्नुभयो ।

४. चन्द्र नारायण श्रेष्ठ

- नयाँ समूहले व्यवस्थापन तथा संचालक समितिको जिम्मा लिए पछि कम्पनीको प्रगति भएको, शेयरधनीलाई राम्रो प्रतिफल प्राप्त भईरहेकोमा धन्यवाद दिनुभयो । अन्य कम्पनीको लाभांस वितरणको तुलनामा ६ प्रतिशत लाभांस कम भएता पनि शेयरधनीले आफ्नो लगानीको प्रतिफल पाइरहेकोमा धन्यवाद दिनुभयो ।
- कम्पनीको कुल आम्दानी, बीमाशुल्क, पुर्नबीमा कमीसन लगायतको हिसावमा कम्पनीको उपस्थिती राम्रो नैं देखिएको सभालाई जानकारी गराउनु भयो ।
- अन्तमा वहाँले यस वर्ष कम्पनीको एक जना कर्मचारी (दावी विभागमा कार्यरत कृतिका कार्की) को सडक दुर्धटनामा मृत्यु भएकोमा मृत आत्मा प्रति चिरशान्तिको कामना गर्दै परिवार जनप्रति समवेदना प्रकट गर्नु भयो ।

५. शत्रुधन श्रेष्ठ

- देशको आर्थिक विकासमा सहयोग पुगाउने उदेश्यले स्थापना भएको यस कम्पनीको आज २५औं वार्षिक साधारण सभा सम्पन्न गर्न गईरहेकोमा सोको सफलताको लागि कामना गर्नुभयो । कम्पनीले यस अवधिमा हासिल गरेको उपलब्धि सराहनिय रहेको भनि आफ्नो धारणा राख्नुभयो ।
- आगामि चैत्र मसान्त सम्ममा निर्जिवन बीमा कम्पनीले चुक्ता पूँजी २ अर्ब ५० करोड पुर्‍यानु पर्नेमा हामीले कसरी चुक्ता पूँजी बृद्धि गर्ने हो ? सो को योजना सार्वजनिक गर्नुपर्ने तर गाभिएर पूँजि बृद्धि गर्दा कम्पनीको आफ्नो पहिचानमा परिवर्तन हुने गरी मर्ज नगर्न सुझाब दिनुभयो ।
- नेपाल बीमा प्राधिकरणले चुक्ता पूँजी बढाउन चैत्र मशान्त सम्मको समयावधि तोकेको र उक्त समयावधि प्रयाप्त नरहेकोले यस समयबधिलाई बढाउनको लागि बिशेष पहल कदमी गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।
- कम्पनीले व्यापार बृद्धि गरेर बीमाको नयाँ नयाँ योजना ल्याएर बीमाशुल्क आर्जन गर्ने तर्फ लाग्नु पर्ने हुन्छ । अन्य कम्पनीको बीमालेख नक्कल गरेर भन्दा पनि आफ्नै नयाँ बीमालेख बनाउन पर्ने सुझाव दिनुभयो ।
- कम्पनीले आफूले आर्जन गरेको खुद नाफाको ५ प्रतिशत रकम कर्मचारीको क्षमता अभिबृद्धिमा खर्च गर्न सुझाव दिँदै, कर्मचारीको क्षमतालाई सूचना प्रविधिमा आवद्ध गरी लैजान समेत सुझाव दिनुभयो ।
- बीमा व्यवसायमा निपूर्ण रहेका अभिकर्ताहरूको छनौट गरेर तथा नयाँ अभिकर्ताहरूको क्षमतालाई प्रविधिमैत्री रूपमा विकास गरेर कुशल अभिकर्ताहरू निर्माण गर्न सुझाव दिनुभयो । साथै बीमा ऐन, २०७९ बमोजिम एक बीमक एक अभिकर्ताको नीति बमोजिम अभिकर्ता नदोहोरिने गरी नियुक्त गर्ने व्यवस्था मिलाउन तर्फ ध्यानदिन अनुरोध गर्नुभयो ।
- अभिकर्ता नदोहोरीने गरी व्यवस्था मिलाउन बीमा प्राधिकरणले आफ्नो वेवसाइटमा अभिकर्ताको प्यान नम्बर उल्लेख गर्ने व्यवस्था मिलाउन सुझाव दिनुभयो ।

६. अमिर दास रञ्जित:

- २५औं साधारण सभा आयोजना गर्न सफल भएकोमा खुशी व्यक्त गर्दै, दर्ता खारेज हुने अवस्थामा रहेको कम्पनीलाई लिएर हाल यहाँसम्म पुर्‍याउनमा महत्वपूर्ण योगदान दिने सम्पुर्णलाई धन्यवाद दिंदै आभार प्रकट गर्नुभयो ।
- विगत केहि बर्ष देखि हामी एक डिजिटमा मात्र लाभांस वितरण गरी आएका छौं । यस पटक पनि दुई डिजिट पुगाउन नसकिएको विषय औल्याउदै वर्तमान परिस्थितिमा चित्त बुझाउनु पर्ने अवस्था भएको कुरा विचार व्यक्त गनुभयो ।
- आम्दानी बचतमा कम रहेको अवस्था र खुद नाफामा ९.४४ प्रतिशतको मात्र बृद्धि वजार बृद्धिको अवस्था हेरेर कम रहेको विचार व्यक्त गर्नु भयो ।

- प्रतिवेदनमा अंकको ठाँउमा कमाको प्रयोग अंग्रेजी अंकको आधारमा राखिएको छ आगामी प्रतिवेदनमा यसलाई सच्याउन सुझाव दिदै नेपाली अंकको प्रचलन अनुसार कमा राख्न अनुरोध गर्नु भयो ।
- नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीलाई १० को संख्यामा पुऱ्याउने योजना अनुसार मर्जरको लागि आव्हान गरेको छ । यदि हामी मर्जरमा जाने अवस्था बाहेक पनि दोस्रो विकल्प हकप्रद शेयरको लागि बाटो खुल्ला गर्नु पर्दछ र आजको साधारण सभाबाटै हकप्रद शेयर दिने प्रक्रियाको विषयमा प्रस्ताव पास गर्न तथा निर्णय गर्न सुझाव दिनु भयो ।
- कम्पनीले आफ्नो भवन निर्माण प्रक्रिया अगाडि बढाइ सकेकोमा खुशी व्यक्त गदै समयमै कार्य सम्पन्न गर्न सुझाव दिनुभयो ।

७. राम गोपाल महर्जनः

- संचालक समिति, व्यवस्थापन र कर्मठ कर्मचारी वर्गलाई कम्पनीको व्यापार बृद्धिमा पुऱ्याएको योगदानको लागि आभार प्रकट गनुभयो ।
- कम्पनीले विगत बर्षको तुलनामा आम्दानी घटेको छ यसलाई आगामी बर्षमा सुधार गर्नका लागि ध्यान दिन अनुरोध गर्नुभयो ।
- निर्जीवन बीमा कम्पनीको आफ्नो व्यापार बृद्धि गर्दा सम्पत्ती र मोटर बीमामा विशेष ध्यान दिनुपर्नेमा यस आर्थिक बर्षमा सोही शिर्षकमा व्यवसाय त्यति बढ्न नसकेकोले यसलाई आगामी बर्षमा बढाउने तर्फ ध्यान दिन अनुरोध गर्नुभयो ।
- यस अवधीमा कम्पनीले लघुबीमामा विगतको भन्दा प्रगती गरेको छ भदै आभार प्रकट गनुभयो ।
- कम्पनीले शाखा विस्तार मात्र हैन ति शाखाहरुको समय समयमा अनुगमन र निरिक्षण गरी तिनको प्रभावकारी संचालनमा ध्यानदिनु पर्ने सुझाव दिनुभयो ।
- भवन निर्माण प्रक्रियामा रहेको सन्दर्भमा खुशी व्यक्त गर्दै कम्पनीको भवन निर्माण पश्चात आम्दानी बृद्धिमा सहयोग पुग्ने हुँदा समयमा भवन निर्माण कार्य सम्पन्न गर्न अनुरोध गर्नुभयो ।
- नेपाल बीमा प्राधिकरणले हरेक बीमा कम्पनीहरूलाई दावी प्रकृया सरल र सहज बनाउन सुझाव दिएको विषय औंल्याउदै । कम्पनीले आफ्नो बीमा दावी प्रक्रियालाई सहज र प्रभावकारी बनाएर ग्राहकलाई आकर्षण गर्न सक्ने बातावरण निर्माण गर्नु पर्दछ र झन्झटिलो दावी प्रक्रियाले ग्राहकलाई निरूत्साहित गर्दछ भन्ने सुझाव दिनुभयो ।
- कर्मचारीको बृत्ती बिकास महत्वपूर्ण हुन्छ । हामीले कर्मचारीहरुलाई समय सादर्भिक तालिम दिएर कम्पनीको कामलाई प्रभावकारी बनाउन सक्दछौं भन्दै सो तर्फ ध्यान दिन सुझाव दिनुभयो । कम्पनीले लाभांस वितरण गर्दा अस्वभाविक उतारचडाव हुनहुदैन भन्ने विचार समेत व्यक्त व्यक्त गर्नुभयो ।
- अन्तमा कम्पनीको उत्तरोतर प्रगतीको कामना गर्नुभयो ।

८. योग्यश्वर शर्मा ढकालः

- कम्पनी खारेज हुने अवस्थामा रहेको समयमा यस कम्पनीलाई प्राप्ति गरे पश्चात कम्पनीले क्रमस प्रगती गर्दै गएको जानकारी गराउनु भयो ।
- जीर्ण अवस्थामा रहेको कम्पनीलाई यस अवस्थामा पुऱ्याउन संचालक समिति, व्यवस्थापन, कर्मचारी र सम्पूर्ण शेयरधनीको उत्तिकै मेहनत रहेको जानकारी गराउनु भयो ।
- यस कम्पनीलाई नयाँ समूहले २०७३ मा हासिल गर्दा १५ करोडको चुक्ता पूँजी रहेकामा हाल ६ बर्षको अवधिमा १ अरब ८० करोडको चुक्ता पूँजी पुऱ्याउन कम्पनी सफल भएको भदै ईतिहास स्मरण गर्नुभयो ।

- संचालक समूह तथा कुशल व्यवस्थापन समूहले कम्पनी भित्र सुशासन कायम गर्नमा अब्बल रहेको, कर्मचारीहरू सक्षम रहेको, कम्पनी प्रशासनिक तथा बजार तर्फ कर्मचारीहरू पनि अब्बल रहेको, कम्पनीमा कहि कतै खोट लगाउन सकिने ठाँउ नरहेको भन्दै कम्पनी सम्पूर्ण पक्षबाट कन्चन पानी जस्तै निर्मल रहेको भन्ने आफ्नो धारणा राख्नु भयो ।
- कम्पनीले समय सापेक्ष रुपमा पूँजी बृद्धि गरेको र कम्पनीको सबै पक्ष उत्तीकै सक्षम रहेको हुँदा कम्पनीले मर्जरमा जान आवश्यक देखिदैन भन्दै मर्जर नगर्न सुझाव दिनु भयो र कम्पनीले आफै पूँजी बृद्धि गर्न सक्ने विषयमा बिस्वस्त रहेको धारणा राख्नु भयो ।
- कम्पनीले पूँजी बृद्धिका लागि आजकै साधारण सभाबाट हकप्रद शेयरको लागि प्रस्ताव पास गर्ने प्रकृया अगाडि बढाउन अनुरोध गर्नुभयो ।
- अन्तमा २५औं बार्षिक साधारण सभाको सफलताको कामना गर्नुभयो ।

११) **शेयरधनी सदस्यहरूबाट प्राप्त सुझाव एवं जिज्ञासाको अध्यक्षबाट सम्बोधन :**

शेयरधनी सदस्यहरूबाट प्राप्त सुझावहरूको लागि धन्यवाद सहित अध्यक्षज्यूबाट आभार प्रकट गर्नुभयो शेयरधनीहरूबाट आएका सुझावलाई कार्यान्वन गर्न कम्पनीले आफ्नो नियमनकारी निकायको निर्देशनको परिधि भित्र रहेर शेयरधनीको जिज्ञासा र सुझावको विषयमा प्रक्रिया अगाडि बढाउने छ भन्दै उहाँले संचालक समितिले जुनसुकै निर्णय गर्दा हाम्रा शेयरधनी महानुभावको सुझाब र चाहनालाई मध्यनजर राखेर सोही बमोजिम नै कार्य गर्ने सभालाई जानकारी गराउनुभयो ।

साथै संचालक समितिले २१औं बार्षिक साधारण सभाबाट प्राप्त गरेको अख्तियारी बमोजिम उपयुक्त कम्पनी संग गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सन्दर्भमा तथा नेपाल बीमा प्राधिकरणले विभिन्न समयमा दिएको निर्देशन बमोजिम निर्जिवन बीमा कम्पनीहरुसंग छलफल गरिरहेको तर हाल सम्म पनि कुनै निष्कर्शमा पुग्न नसकेको कुरा सभालाई अवगत गराउनु भयो । साथै नेपाल बीमा प्राधिकरणले निर्धारण गरेको पूँजी बृद्धिका लागि अन्य विकल्प सहितको योजना प्राधिकरण समक्ष बुझाएको कुरा सभालाई जानकारी गराउनु भयो ।

शेयरधनी सदस्यहरूबाट धेरै राम्रा सल्लाह र सुझाबहरू प्राप्त भएकोमा धन्यवाद दिंदै प्राप्त सल्लाह र सुझाबहरू सञ्चालक समिति तथा कम्पनी व्यवस्थापनबाट आत्मसाथ गरी भबिष्यको मार्गदर्शनको रूपमा लिई कम्पनीलाई सबल र सक्षम बनाउने क्रममा उक्त सुझाबहरूलाई मनन गरी अगाडी बढ्नेछौं भनि प्रतिवद्धता व्यक्त गर्नुभयो ।

१२) प्रस्ताव उपर सभाको निर्णय :

तत्पश्चात् छलफलका विषय सुचीमा उल्लेखित प्रस्तावहरू सभाद्धारा पारित गर्नका लागि अध्यक्षज्यूबाट सभा समक्ष प्रस्ताव प्रस्तुत गरिएकोमा देहाय अनुसार निर्णय पारित गरियो ।

क. सामान्य प्रस्तावहरू :

(१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा पेश भएको आ.ब. २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा पेश भएको आ.ब. २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

(२) आ.ब. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरू पारित गर्ने ।

आइएमई जनरल इन्स्योरेन्स लि. काठमाडौं

आ.ब. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको सो आ.ब.को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहितको छलफल गरी पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

(३) **आ.ब.२०७९/०८० को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

आ.ब.२०७९/०८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने निजको पारिश्रमिक तोक्ने सम्बन्धी लेखा समितिको सिफारिस सम्वन्धमा छलफल हुँदा कम्पनीको आ.ब. २०७९/०८० को बाह्य लेखापरिक्षण गर्न श्री एस.ए.आर.एसोसिएट्स चार्टड एकाउन्टेण्टस् संस्थालाई नियुक्त गर्ने र निजलाई कर लेखापरीक्षण तथा विस्तृत लेखापरीक्षण (Longform Audit), दफा ७८ र धितोपत्र बोर्डको प्रतिवेदन सहित रू.३,७५,०००।-(अक्षरेपी तीन लाख पचहत्तर हजार) मूल्य अभिबृद्धि कर बाहेक प्रदान गर्ने गरी अनुमोदन गर्ने सम्बन्धि प्रस्ताव समेत निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयधनीहरूबाट सर्वसम्मतबाट पारित गरियो ।

(४) **संचालक समितिबाट प्रस्ताव भए बमोजिमको रकम रू.५३,७३,६३६.०६।- (अक्षरेपी त्रिपन्न लाख त्रिहत्तर हजार छ सय छत्तिस र पैसा छ मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ) स्वीकृत गर्ने ।**

संचालक समितिबाट प्रस्ताव भए बमोजिमको रकम रू.५३,७३,६३६.०६।- (अक्षरेपी त्रिपन्न लाख त्रिहत्तर हजार छ सय छत्तिस र पैसा छ मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ) स्वीकृत गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

ख. विशेष प्रस्तावहरू:

(१) **संचालक समितिबाट प्रस्ताव भई नेपाल बीमा प्राधिकरणबाट स्वीकृती प्राप्त भए बमोजिम कम्पनीको हालको चुक्ता पूँजी रू. १,७०,१६,५१,४२०।- (अक्षरेपी एक अरब सत्तरी करोड सोह्र लाख एकाउन्न हजार चार सय बीस रूपैया मात्र) को ६ (छ) प्रतिशतका दरले बोनस शेयर जारी गर्ने ।**

संचालक समितिबाट प्रस्ताव भए बमोजिम कम्पनीको हालको चुक्ता पूंजी रू.१,७०,१६,५१,४२०।- (अक्षरेपी एक अरब सत्तरी करोड सोह्र लाख एकाउन्न हजार चार सय बीस रूपैया मात्र) को ६ (छ) प्रतिशतका दरले रू.१०,२०,९९,०८५.२०।- (अक्षरेपी दश करोड बीस लाख उन्नासय हजार पचासी रुपैया र पैसा बीस मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्वन्धि बिशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

(२) **बोनस शेयर पश्चात कायम हुने कम्पनिको चुक्ता पूजी बमोजिम कम्पनिको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने बारे ।**

प्रस्तावित ६ प्रतिशत बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्तापूंजी बृद्धि गरी सो बमोजिम कम्पनीको प्रबन्धपत्र तथा बिनियमावलीको सम्वद्ध दफाहरूमा संशोधन गर्ने सम्वन्धी विषेश प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(३) **नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम बीमा ऐन, २०७९ अनुसार कम्पनीको प्रबन्धपत्र र नियमाबलीमा समय सापेक्ष रुपमा संशोधन गर्ने ।**

नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम बीमा ऐन, २०७९ अनुसार कम्पनीको प्रबन्धपत्र र नियमाबलीमा समय सापेक्ष रुपमा संशोधन गर्ने सम्बन्धी विषेश प्रस्ताव निर्णयार्थ पेश हुंदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४) **संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरबदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरबदल गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरबदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरबदल गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि विषेश प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

५) विविध

(अ) **संचालक नियुक्तीको अनुमोदन गर्ने सम्बन्धमा**

तात्कालिन नेपाल बंगलादेश बैंकले मिति २०७८।०४।०८ को पत्र मार्फत आफ्नो प्रतिनिधि संचालक श्री सुरेश देवकोटालाई फिर्ता बोलाए पश्चात उक्त रिक्त पदमा संचालक समितिको मिति २०७९ असार २७ गते १२१औं बैठकबाट संचालक श्री उमेश रघुवंशीलाई बाँकि कार्यकालको लागि नियुक्त गरिएकोले सोको अनुमोदन गर्ने सम्बन्धमा बैठकमा प्रस्ताव पेश भएकोमा सभाबाट सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय गरियो ।

आ) **कम्पनिको संचालक समितिका अध्यक्ष तथा संचालकहरुको भत्ता पुनरावलोकन गर्ने सम्बन्धमा ।**

कम्पनीको संचालक समितिका अध्यक्ष तथा संचालकहरुको बैठक भत्ता समय सापेक्ष पुनरावलोकन गर्ने सम्बन्धमा हाल रहेको बैठक भत्ता अध्यक्षको रू. १०,०००।- र रू. ८,०००।- लाई पुनरावलोकन गरी क्रमसः रू. १५,०००।- र रू. १२,०००।- कायम गर्ने सम्बन्धी प्रस्ताव सभा समक्ष पेश भएकोमा शेयरधनीहरूबाट सर्वसम्मतिले उक्त प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

अन्तमा,

सभाअध्यक्षबाट सभा विर्सजनका क्रममा कम्पनीको २५औं बार्षिक साधारण सभामा भाग लिएर अमूल्य सुझावहरू दिनुहुने आदरणीय शेयरधनी महानुभावलाई धन्यवाद तथा आभार व्यक्त गर्नुभयो । कम्पनीको पूर्व संचालकज्यू, संचालक समितिका सदस्यज्यू र सम्पूर्ण सहकर्मी साथीहरूमा धन्यवाद र आभार व्यक्त गर्नु भएको थियो । स्वागत मन्तव्य तथा बार्षिक प्रतिवेदन प्रस्तुतीको क्रममा सभाअध्यक्षले कम्पनी सुचारु रूपले संचालनको लागि सहयोग पुऱ्याउनु हुने नेपाल बीमा प्राधिकरण, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत नियमनकारी निकायहरू, विभिन्न संघ संस्थाहरू, बैंक तथा वित्त कम्पनीहरू, बीमा तथा पुनर्बीमा कम्पनीहरू, कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आईएमई क्यापिटल लिमिटेड लगायत साथै कम्पनीलाई विश्वास गरी निरन्तर सेवाको अवसर प्रदान गर्नुहुने सम्पूर्ण ग्राहक महानुभावहरू साथै कम्पनीमा कार्यरत निष्ठावान सबै कर्मचारीहरूलाई पनि धन्यवाद तथा आभार प्रकट गर्नु भएको थियो ।

उमा जोशी
कम्पनी सचिव

हेम राज ढकाल
अध्यक्ष